साना टास्मानियावासी

# क्याटीको बगैँचा



शिलो लङबटमद्वारा
चित्रण गरिएको

Nepali | नेपाली



धेरै अगाडि त्यहाँ एउटा कारखाना थियो।
पछि त्यो बन्द भयो।
अहिले त्यो केवल एक सुनसान स्थल भएको
छ जहाँ बालबालिकाहरू समेत खेल्दैनन्।



क्याटी टास्मानियावासी हुन्,
एउटा केटी जो त्यसको नजिकै बस्छिन्।
उनी सबैले बिर्सिएको यो स्थान वरिपरि हिँड्छिन्,
र रोकिएर यस्तो किन भएको होला भनेर आश्चर्यचकित हुन्छिन्।




क्याटीले आफूले चिनेको
मान्छेले गमला बोक्दै गरेको देख्छिन्।
एक वा दुई वटा बिरूवाले उनको बारीलाई
राम्रो बनाउँछ कि भन्ने उनी सोच्छिन्।

जोनले त्यो सजिलो हुँदैन तर उनीहरूले केही रूखहरूका बिरूवाहरू रोप्न सक्ने बताए। "केही फूलहरू रोपौँ र मौरीको लागि घर बनाऔँ, हुँदैन?"






हामी यहाँ सँगै मिलेर काम गर्ने गर्दछौँ।
हाम्रा छिमेकीहरू हामीलाई सहयोग
गर्न साथ दिन्छन्।
उनीहरू टाढा र नजिक सबैतिरबाट आउँछन्।

जाडोयाममा हामी तयार हुन्छौँ।
चिसो छ तर धेरै जीवन्त छ।
मार्स यहाँ बीउको थैलो लिएर आएकी छिन्।
अन्य मित्रहरू पनि आउँछन्।






काम कठिन छ। हाम्रा सपनाहरू ठूला छन्।
हामी रोप्छौँ र खन्छौँ र छर्छौं।
हाम्रो बगैँचालाई बढ्न मद्दत गर्न नयाँ
कुराहरू सिक्न र प्रयास गर्न रमाइलो हुन्छ।



डेभिडले आफ्ना औजारहरू पनि साथमा ल्याउँछन्।
हामी बगैँचाको टहरो बनाउँछौँ।
पानी पर्छ र त्यसपछि घाम लाग्छ।
हामी फूलहरू रोप्ने स्थलको हेरचाह गर्छौं।




लेदरवुड र बास्केट ग्रास सदैव
यहाँ वरिपरि उम्रिएका हुन्छन्।
सिकार गर्ने चराहरू र
वोम्ब्याटहरू देखिन थाले।



गर्मीयाममा हामीलाई पानी चाहिन्छ।
कार्लिटालाई बाटो थाहा छ।
यो सधैँ यस्तै रहँदै आएको छ।
यसकारण हामी बस्छौँ।

क्याटि टास्मानियावासी हुन्।
उनले एउटा खाली ठाउँ लिइन्
र आफ्ना साथीहरूसँग मिलेर
बगैँचाको भाग बनाउन काम गरिन्।



हामी सबैमा आफ्नै प्रतिभाहरू छन्,
चाहे त्यो सानो होस् या ठूलो।
क्याटिले गरेर देखाइन्! तपाईंले पनि सक्नुहुन्छ...



हेर्नुहोस्!
हामी सबैमा साना टास्मानियावासी छ।



हो, त्यो तपाईं हुनुहुन्छ।

## के तपाईंले यी टास्मानियाली जनावरहरू भेट्टाउन सक्नुहुन्छ?

१ प्लाटिपस

२ टास्मानियाली भ्यागुताहरू

३ टास्मानियाली लम्काने भएको चमेराहरू

४ इम्पेरर गम मथ (धमिरा) हरू

५ साधारण वोम्ब्याटहरू




६ टास्मानियाली डेभिलहरू

७ चालीस-टाटेपाङ्ग्रे भएको पार्डालोटहरू

८ अष्ट्रेलियाली वुड डक्स

९ छोटो चुच्चो भएको एकिडनाहरू

१० पूर्वीय प्रतिबन्धित ब्यान्डिकुटहरू



## जोन कमारा

जोन कमारा एक शरणार्थीको रूपमा टास्मानिया आइपुगे। अहिले, उनी आप्रवासीहरूले सामना गर्ने प्रणालीगत चुनौतीहरू, जस्तै जातिवाद, श्रमको शोषण, र विदेशी योग्यताहरूको मान्यताको आवश्यकतालाई उजागर गर्ने काम गर्दछन्। जोनले आप्रवासीहरूलाई काम र घर खोज्न मद्दत गर्छन्, र उनी बहुसांस्कृतिक गायनहरूमा सक्रिय छन्। जोन टास्मानियाको सांस्कृतिक विविधता गठबन्धनका सह-संस्थापक र अध्यक्ष र टास्मानियाको अफ्रिकी समुदाय परिषदका सह-संस्थापक हुन्। उनी टास्मानियाबाट अष्ट्रेलियन अफ द ईयर २०२३ भएका थिए। जोन र उनकी श्रीमती, माभिसले कमारस् हार्ट फाउन्डेसन स्थापना गरे, एक गैर-लाभकारी संस्था जसले सिरा लियोन र घानाका विद्यार्थीहरूको लागि शैक्षिक स्रोतहरू प्रदान गर्दछ। जोन र उनको परिवारको लागि, टास्मानिया घर हो, र उनको लक्ष्य भनेको समुदाय र सबैका लागि राम्रो, निष्पक्ष जीवन सिर्जना गर्नु हो।



## मार्स बटफिल्ड-एडिसन

मार्स बटफिल्ड-एडिसन कम्प्युटरको वैज्ञानिक र विज्ञानको संचारक हुन्। उनी आफ्नो जीवन र शिक्षामा नयाँ सुरूवातको खोजी गर्न एक युवाको रूपमा टास्मानियामा बसाईं सरेकी थिइन्। एक प्राविधिकको रूपमा, मार्सले दृश्यको नमुना (भिज्वल डिजाइन) सार्वजनिक स्वास्थ्य, एयरोस्पेस, र थपमा हुने समस्याहरूको समाधान गरेकी छिन्। अहिले, टास्मानिया विश्वविद्यालयमा, उनी उपग्रहहरू र अन्तरिक्षमा टुटेफुटेका टुक्राहरू पत्ता लगाउन रेडियो टेलिस्कोपहरू अनुकूलित गर्छिन्। मार्स सार्वजनिक र विद्यालय-भित्रका एस.टी.इ.एम कार्यक्रमहरू मार्फत हजारौँसम्म पुगेकी छिन्, र उनले अष्ट्रेलियाभरि विद्यालय र विज्ञानका कार्यक्रमहरूमा प्रयोग हुने शैक्षिक एपहरू (apps) र खेलहरूको विकास गरेकी छिन्। मार्सले ठूला अवसरहरू खोज्नको लागि तपाईंले टास्मानिया छोड्नुपर्छ भन्ने पुरानो मिथकलाई तोड्न, र स-साना टास्मानियालीहरूलाई पनि उनीहरूको वरिपरिको विज्ञान र सुन्दरताको कदर गर्न प्रेरित गर्न खोजेकी छिन्।



## डेभिड फोस्टर

डेभिड फोस्टर ओ.ए.एम., एक विश्व विजेता काठ काट्ने मान्छे (वुडचपर) लाई, प्रायः अष्ट्रेलियाको सबैभन्दा सफल खेलाडी मानिन्छ। डेभिड उत्तर पश्चिमी टास्मानियामा हुर्किएका थिए र उनले आफ्नो बुबासँग मिलेर डबल-ह्यान्डेड (दुइ तिरैबाट समाउन मिल्ने) आरा टोलीमा पहिलो विश्व उपाधि जितेका थिए। उनले धेरै विश्व कीर्तिमान तोडे र लगातार २१ वर्षसम्म विश्व उपाधि जिते। उनी कुनै पनि खेलकुदको विभिन्न स्तरमा १,००० भन्दा बढी उपाधि जित्ने विश्वमै एक मात्र खेलाडी हुन सक्छन्। डेभिडलाई २०२० मा खेलकुद अष्ट्रेलिया हल अफ फेममा समावेश गरिएको थियो, र उनले टास्मानियाको अष्ट्रेलियन अफ द ईयर र, ANZAC, सेन्टनेरी र अर्डर अफ अष्ट्रेलिया पदकहरू सहितका सम्मानहरू प्राप्त गरेका छन्। उनी वृद्ध हेरचाह, पुरूषको स्वास्थ्य, र एल.जी.बी.टी.क्यु.आइ.ए. अधिकारका अभियानकर्ता हुन्। डेभिडको लागि, बस्नको लागि संसारको सबैभन्दा राम्रो ठाउँ टास्मानिया नै हो। उनी हरेक टास्मानियाली युवाले आफैँमा विश्वास राखेमा उनीहरूका सपना साकार हुन सक्छन् भनी जानून् भन्ने चाहन्छन्।



## कार्लिटा थोमस

कार्लिटा थोमस उत्तरपूर्वी लुटुविटा/टास्मानियाकी एक गर्व महसुस गर्ने पाकाना महिला हुन्। कार्लिटाको जन्म टुवाना/केप ब्यारेन टापुमा भएको थियो, जहाँ उनी आफ्नो परिवारसँग सिकार गर्न जान मन पराउँछिन्। कार्लिटा, पलावाको स्वामित्व र संचालनमा रहेको पर्यटन अनुभव वुकालिना (माउन्ट विलियम राष्ट्रिय निकुञ्ज) र लारापुना (बे अफ फायर्स) मा पुरस्कार विजेता वुकालिना वाकको संस्थापक मार्गदर्शक थिइन्। कार्लिटा भन्छिन्, "जब म पहिलो पटक म वुकालिना आएकी थिएँ, तब म मेरो वास्तविक मातृभूमिमा आएकी थिएँ।" "यो ठ्याक्कै त्यही ठाउँ हो जहाँ उत्तरपूर्वी राष्ट्रको टुउलवेका वंश बस्थे। हामी मन्नालर्गेन्नासँग जोडिएका छौं। म केप ब्यारेनको घरमा, मेरा पुर्खाहरूको उपस्थितिमा हुँदा महसुस गरेजस्तै जोडिएको भावना मैले महसुस गरेँ। जब मैले सुरूवात गरेँ, मसँग समूहहरू समक्ष बोल्ने अनुभव थिएन। उच्च माध्यमिक विद्यालयमा पनि मलाई त्यस्तो कुनै आत्मविश्वास थिएन। समयको साथमा तपाईंलाई अगाडि बढाउनका लागि तपाईंमा भएका सम्भावनाहरूलाई देख्ने केहि व्यक्तिहरू तपाईंलाई आवश्यक पर्छ।"



साना टास्मानियावासी

# क्याटीको बगैँचा

तपाईं जस्तै अरू कसैले यो गरे,
र तपाईंले पनि गर्न सक्नुहुन्छ!

यो पुस्तक एक निकै विशेष साना
टास्मानियावासी को होः

ब्रान्ड टास्मानिया
होबार्ट, टास्मानिया, अष्ट्रेलिया littletasmanian.com.au
पाठ तथा चित्रण प्रतिलिपि अधिकार © ब्राण्ड टास्मानिया २०२४
सर्वाधिकार सुरक्षित।
अष्ट्रेलियाको राष्ट्रिय पुस्तकालय (National Library of Australia)
ISBN 978-0-6459835-6-2 बाट सूचीकरण-र-प्रकाशन विवरणहरू उपलब्ध छन्।
शिलो लङबटमद्वारा योजना र चित्रण गरिएको

साथमा पढ्नुहोस् + थप जानकारी

Forty South PUBLISHING
TASMANIAN
ISBN 9780645983562